नेपाल सरकार

गृह मन्त्रालय

**राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण**

**SitRep #१०१**

१४ असोज २०७७

| २०७७ बैशाख १ देखि असोज १३ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २९१ | ६७ | २२३ | ४२ | ३७ | ११ | ६५ | ० | २०५ | **३९८** | **१०४** | **४३९** |
| **२०७७ जेठ ३० मनसुन सुरु भएदेखि असोज १३ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २८९ | ६७ | २२२ | ३९ | ३६ | ९ | ३५ | ० | ८६ | **३६३** | **१०३** | **३१७** |
| **२०७७ असोज १३ देखि १४ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण** | | | | | | | | | | | |
| पहिरो | | | बाढी | | | जनावर आक्रमण | | | कुल जम्मा | | |
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| ० | ० | ० | ० | ० | ० | ० | ० | ० | **०** | **०** | **०** |

# दैनिक विपद् बुलेटिन

१३ असोज विहान १०:०० बजेदेखि १४ असोज विहान १०:०० बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर आज २ स्थानमा **आगलागी**, २ स्थानमा **अबिरल वर्षा**, १ स्थानमा **पहिरो**का घटना घटेका छन् । यी घटनाबाट **११ लाख ५ हजार** बराबरको धनमाल क्षति भएको छ ।

| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ० | ० | ५ | ० | ११,५,००० | ० | ० |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **५** वटा घट्ना भएका छन् ।
- **संखुवासभा**को सिलीचोङ गाउँपालिका वडा नं ५ होङदुवास्थित एक गाईगोठ **पहिरो**ले बगाई क्षति, **४० हजार रुपैंया** बराबरको धानखोत पुरिएको र सोही स्थानमा रहेको पानी ट्याङकी भासिदा **५० हजार रुपैंया** बराबरको क्षति ।
- **सिरहा**को गोलबजारमा नगरपालिका वडा नं ६ स्थित आर.आर.ब्रदर जेनरल स्टोर र किराना पसलमा **आगलागी** हुँदा किराना पसलको सामानहरु जलि **२ लाख १४ हजार ५ सय रुपैंया** बराबरको क्षति । बरीयारपट्टी गाउँपालिका वडा नं ४ तेलुवापरीस्थित एक औषधी पसलमा अचानक **आगलागी** हुँदा फर्निचर सामान र औषधी गरी **५५ हजार रुपैंया** बराबरको क्षति ।
- **नवपरासी पश्चिम**को पाल्हिनन्दन गाउँपालिका वडा नं १ बड्की सुनरीस्थित ५ वटा घर र १ वटा कुखुराको फारम **अबिरल बर्षा**को कारण आंशिक क्षति हुँदा सबै गरी **१ लाख ७० हजार रुपैंया** बराबरको क्षति । प्रतापपुर गाउँपालिका वडा नं ३ सोमनीस्थित एक घर **अविरल बर्षा**का कारण भत्किई **९० हजार रुपैंया** बराबरको क्षति ।

## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिइएको ।

## बाढी पूर्वानुमान

<u>असोज-१४ (बुधबार) (विहान ७ बजे देखि २४ घण्टा)</u>


- **आज कोशी, नारायणी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव घट्ने तथा सतर्कता तलै हुने पूर्वानुमान छ ।**
- **आज कन्काई, कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब घट्ने तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ ।**
- **आज प्रदेश १ र २ भई बहने केही स-साना सहायक नदीमा बहाव केही बढ्ने तर सतर्कता तलै हुने पूर्वानुमान छ ।**

**थप जानकारीका लागि** जल तथा मौसम विज्ञान विभाग**को वेभसाइट:http://hydrology.gov.np/**

## वर्षाको सारांश

असोज १३ गते बिहान ०८:४५ बजे देखि असोज १४ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०६/१४ गते बिहान ०८:४५ बजे १९२ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालित: ६२ र स्वचालित: १३०) मा मापन गरिएको वर्षाको विवरण अनुसार ३० वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (३० मि. मी.) सुनसरी जिल्लाको धरान केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये १ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ४ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि <u>www.dhm.gov.np/climate/</u>मा हेर्नुहोस।**

# आगामी तीन दिनको मौसम पूर्वानुमान

**नेपाल सरकार**
**उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय**
**जल तथा मौसम विज्ञान विभाग**
मौसम पूर्वानुमान महाशाखा
मौसम पूर्वानुमान बुलेटिन (Weather Forecast Bulletin)
(जारी मितिः २०७७-०६-१४ विहान ०६:०० बजे)

**मौसम विश्लेषण (Meteorological Analysis):-**
हाल वंगालको खाडीमा न्युन चापीय क्षेत्र रहेको छ।

**हालको मौसमको अवस्था (Present Weather Status):**
हाल देशका पहाडी भू-भागमा आंशिक बदली रहेको छ ।

## आगामी तीन दिनको मौसम पूर्वानुमान

**असोज १४ गते (बुधबार)**

**दिउँसो :** प्रदेश नं १, बागमती प्रदेश, गण्डकी प्रदेश, प्रदेश नं ५ मा सामान्य बदली रही उक्त प्रदेशका थोरै स्थानहरुमा तथा बाँकी प्रदेशहरुमा आंशिक बदली रही एक दुइ स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ ।

**राती :** प्रदेश नं १, बागमती प्रदेश, गण्डकी प्रदेश र प्रदेश नं ५ मा सामान्य बदली र बाँकी प्रदेशहरुमा आंशिक बदली रही प्रदेश नं १, बागमती प्रदेश, गण्डकी प्रदेश, प्रदेश नं ५ र कर्णाली प्रदेशका थोरै स्थानहरुमा हल्का वर्षाको सम्भावना रहेको छ ।

**असोज १५ गते (बिहिबार)**

**दिउँसो :** प्रदेश नं १, बागमती प्रदेश, गण्डकी प्रदेश, प्रदेश नं ५, कर्णाली प्रदेशमा सामान्य बदली रही थोरै स्थानहरुमा तथा बाँकी प्रदेशहरुमा आंशिक बदली रहने सम्भावना रहेको छ ।

**राती :** देशभर आंशिक देखि सामान्य बदली रही पहाडी क्षेत्रका एक दुइ स्थानहरुमा हल्का वर्षाको सम्भावना रहेको छ ।

**असोज १६ गते (शुक्रबार)**

**दिउँसो :** प्रदेश नं १, बागमती प्रदेश, गण्डकी प्रदेश, प्रदेश नं ५ मा सामान्य बदली रही उक्त प्रदेशका थोरै स्थानहरुमा तथा बाँकी प्रदेशहरुमा आंशिक बदली रहने सम्भावना रहेको छ ।

**राती :** प्रदेश नं १, प्रदेश नं २,बागमती प्रदेशमा सामान्य बदली रही उक्त प्रदेशका थोरै स्थानहरुमा तथा बाँकी प्रदेशहरुमा आंशिक बदली रही गण्डकी प्रदेश, प्रदेश नं ५ र कर्णाली प्रदेशका एक दुइ स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ ।

आगामी २४ घण्टाका लागि चेतावनी तथा परामर्श (Warning/Advisory for next 24 hours):

**छैन।**

**गणितिय मौसम पूर्वानुमानमा आधारित तीन दिनसम्मको मौसमको अवस्थाका लागि यो लिंकमा हेर्नुहोला ।**
http://mfd.gov.np/nwp/#/nwp/Precipitation, http://mfd.gov.np/nwp/#/nwp/Wind